बाह्रदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
चकचकी, झापा
प्रदेश नं. १, झापा

पत्र संख्या :०७६।०७७
चलानी नं................

मिति : २०७६।०४।२३

**विषय : करारमा शिक्षक पदपुर्ति सम्बन्धि सुचना ।**

यस बाह्रदशी गाउँपालिकाको आ.व.२०७६/०७७ को वार्षिक कार्यक्रम अनुसार यस गाउँपालिका अन्तर्गत विभिन्न सामुदायिक विद्यालयहरुका शिक्षकहरुलाई कम्प्युटर शिक्षा सहजीकरण तथा विद्यार्थीहरुलाई कम्प्युटर शिक्षा शिक्षणका लागि तपसिलमा उल्लेखित संख्यामा कम्प्युटर शिक्षकहरु करारमा पदपुर्ति गर्नु पर्ने भएकाले उल्लेखित आवश्यक कागजातहरु संलग्न राखी मिति २०७६।५।५ गते सम्म (१५ दिन) कार्यालय समय भित्र बाह्रदशी गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन दिनु हुन सम्बन्धित सबैका लागि यो सुचना प्रकासित गरिएको छ ।

तपसील

क) विज्ञापन नं. : ०१/२०७६-७७

१ पद : कम्प्युटर शिक्षक ( घुम्ती शिक्षक )
२. पदसंख्या : ३ ( तीन )
३. तह : मा. तह (तृतीय)
४ . शैक्षिक योग्यता तथा अनुभव
- नेपाली नागरिक हुनुपर्ने छ ।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर साईन्समा स्नातक वा कम्प्यूटर इञ्जिीनियरीङमा स्नातक वा प्रमुख विषय कम्प्यूटर साईन्स लिई ३ वर्षे स्तनाक वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको हुनुपर्ने छ ।

५. संलग्न कागजातहरु
शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर साईन्समा स्नातक वा कम्प्यूटर इञ्जिीनियरीङमा स्नातक वा प्रमुख विषय कम्प्यूटर साईन्स लिई ३ वर्षे स्तनाक वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको हुनुपर्ने छ ।
योग्यताको प्रमाण पत्रको प्रतिलिपी
नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ( निवेदन दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भएको र ४० वर्ष ननाघेको )

६ . सेवा सुविधा : गाउँपालिकाले तोके बमोजिम
७. परीक्षाको किसिम : लिखित, मौखिक र आवश्यकता अनुसार प्रयोगात्मक समेत
८. आवेदन दस्तुर : रु १००० (एक हजार मात्र )
९. निवेदन दिने अन्तिम मिति : २०७६।५।५ गते
१०. सम्पर्क मिति : २०७६।५।६ गते

रीत नपुगेको र समय भित्र नआएको निवेदन दर्ता गरिने छैन ।
विस्तृत जानकारीका लागि बाह्रदशी गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखामा सर्म्पक राख्नुहुन ।

२०७६।४।२३

ज्ञानबहादुर पौडेल
नि प्रमुख प्रशासकीय अधिकृत